## अन्तर्वार्ता

.....नेपालका नारी लेखिकाहरुको लेखनको मूल प्रवृत्ति नै यथार्थवाद र सामाजिक वस्तुस्थितिमा यथास्थितिवाद हो भन्ने मलाई लागेको छ.....

# साहित्य जीवनको लागि हुनुपर्छ

: 

कमला सरुप

कमला सरुप : हाल अन्तर्राष्ट्रिय साहित्य समाज (INLS) अमेरिकाका कार्यकारिणी उपाध्यक्ष । इन्टरनेट साहित्यिक मासिक पत्रिका परदेशका अतिथि सम्पादक, नेपालबाट प्रकाशित हुने अंग्रेजी साप्ताहिक पिपल्स रिभ्यूमा विशेष सम्वाददाता । अस्मिता महिला प्रकाशन गृह (नेपाल) मा विदेशी प्रतिनिधिका रुपमा काम गरिरहनुभएकी कमला सरुपले विभिन्न राजनीतिक, आर्थिक र सामाजिक विषयहरुमा निरन्तर कलम चलाइरहनुभएको छ । उहाँले नेपाली पोष्ट, फ्रिनेपाल र डेभलपमेन्ट अन लाइन आदि विभिन्न इन्टरनेट पत्रिकाहरुमा पनि निरन्तर लेखिरहनुभएको छ । मिडिया प्वाइन्ट (दसमहिने पत्रकारिता तालिम केन्द्र) को कार्यकारिणी निर्देशक समेत बनिसक्नुभएकी सरुपले रेडियो नेपालको घटना र विचार तथा राष्ट्रपुकारमा समेत काम गरिसक्नुभएको छ । हाल अमेरिकामा ,,युद्ध निराकरणमा महिलाहरुको योगदान, भूमिका र महत्व,, विषयमा विद्यावारिधिका लागि अनुसन्धान गरिरहनुभएको छ । मानवीय सम्मान र राष्ट्रप्रतिको दायित्वका कारण नै आफू लेखनमा लागेको बताउनुहुने कथासंग्रह सम्झौताको मोडमा (वि.सं. २०४९) की लेखिका कमला सरुपसंग डा. मधुकृष्ण श्रेष्ठले लिनुभएको अन्तवार्ता प्रस्तुत छ :

प्रश्न १ : कहिलेदेखि लेख्न शुरु गर्नुभयो ?

कमला : म सानो हुँदा रेडियो नेपालको बाल कार्यक्रममा कविताहरु भन्थें । मेरो बुवा )हरिभक्त बुढाथोकी) पनि एक सृजनशील लेखक हुनुभएकोले गर्दा घरको वातावरण

नै लेख्ने थियो । शायद त्यसै कारणले पनि मैले लेख्न शुरु गरेको हुँ ।

**प्रश्न २ : नेपाली साहित्यमा महिला साहित्यकारहरुको योगदानको बारेमा केही बताइदिनुहुन्छ कि ?**

कमला : नेपाली साहित्यमा महिला लेखिकाहरुको योगदानलाई उच्च मूल्यांकन गर्नुपर्ने आवश्यकता छ । नेपाली साहित्यको प्रारम्भको कुरा गर्ने हो भने महिला साहित्यकार सुवानन्ददास ( ? ) को मौलिक कविता (१८३० : ३१) तिर छापिएपछि भएको देखिन्छ । त्यसै गरी १८८० तिर प्राणमञ्जरीदेवी पन्तले गरेको काव्यरचनालाई पनि हामीले यहाँ बिर्सन सक्दैनौं । हुन त वि.सं. १८८८ मा ललितत्रिपुरासुन्दरीले महाभारतको शान्तिपर्वलाई राजधर्म नाम दिएर लेखेको कृतिका कारण उनलाई नै पहिलो स्थापित महिला लेखिका मानिएको छ । वि.सं. १९४२ देखि १९५४ को बीचको भक्तिकुमारी राणाको रचना लिनुस् या १९६० : ६५ तिरका सुकेशीदेवी, नवीनादेवी या लावण्यवतीको कुरा गर्नुस् नेपाली साहित्यको आधुनिक कालपछिको माध्यमिक कालको वेलामा साहित्यको श्रृंगारिक धारलाई पनि प्रेमराजेश्वरी थापाले वि.सं. २०३१ सालमा आफ्नो कवितासंग्रह ,,अनुभूतिहरु,, प्रकाशित गरेकोलार्य नै मानिन्छ । २०१६ सालमा देखा परेकी लोकप्रियादेवी हुन् या गोमा, श्रीमती कुसुममञ्जरीदेवी हुन् तिनको पनि योगदानलाई नेपाली साहित्यले बिर्सन मिल्दैन । त्यसैगरी महिला साहित्यकारहरु पारिजात, वानीरा गिरी, अनिता तुलाधर, देवकुमारी थापा, ईन्दिरा प्रसाई, भागीरथी श्रेष्ठ, मञ्जु काँचुली, बेन्चु शर्मा, प्रेमा शाह, माया ठकुरी, पद्मावती सिंह, भूवन ढुंगाना, सीता पाण्डे, शारदा शर्मा, गीताकेशरी, भारती गौतमहरुको योगदानले नेपाली साहित्यलाई परिष्कृत र परिमार्जित गर्न जुन योगदान दिएको छ त्यो अविस्मरणीय छ ।

**प्रश्न ३ : नारीवादी साहित्यकारहरुको बारेमा केही बताइदिनुहुन्छ कि ?**

कमला : एलिन सावोल्टोर (ई.सं. १९७९) ले नारीवादी लेखनले नारी हधिकार र वर्चस्व कायम गर्ने भएका कारण पुरुषवाली लेखन प्रवृत्तिमा यसलाई अलग ढंगले परिभाषित गर्नुपर्छ भन्ने मान्यता राखेपछि एलिन सावोल्टोरको सो भनाइप्रति असहमति जनायने थुप्रै पुरुष लेखकहरुलाई हामी यहाँ सम्झन सक्छौं । तर म देरिदाको दर्शन उच्च नारीवादी दर्शन हो भन्ने कुरामा विश्वास गर्छु । रिगोवाटो, मञ्जु, सिलभिया प्लाथ, एलिस वार्कर र मार्गरेट एटउडले देखाउने गरेको विसंगतिवादी प्रवृत्तिमा देखिने नारीवादी साहित्य होस् या गैविला मिस्त्राल, नेली माक्स र जुको तुसिनाले देखाएको संरचनात्मक प्रवृत्तिसंगै विकास भएको स्वच्छन्दतावादी प्रवृत्तिमा नारीवादी झुकाव होस् विश्वसाहित्यले स्वीकारिसकेको सत्यलाई हामी यहाँ

बिर्सन सक्दैनौं । नेपालको नारीवादी साहित्यको कुरा गर्दा पारिजातको शिरिषको फूललाई लिन सकिन्छ जुन फ्रान्सेली साहित्यकार आल्वेएर कामुको निस्सारवादको निकट मानिन्छ । वानिरा गिरी, प्रेमा शाह, देवकुमारी थापा, पदमावती सिंह र सीता पाण्डेका रचनाहरुमा पनि हामी नारीवादी लेखन प्रपृत्ति देख्न सक्छौं । जसरी विश्वसाहित्यले नारीवादी साहित्य लेखनलाई उच्च सम्मानका साथ लिएको छ त्यो प्रवृत्ति नेपालमा विकसित हुनुपर्ने आवश्यकता भैसकेको छ ।

प्रश्न ४ : नारीवादी साहित्य केलाई मान्ने ?

कमला : साहित्यमा नारीवादको खोज बौद्धिक खोज हो । नव्बेको दशकमा नारीवादी साहित्य त्यस्तो अवस्थामा पुग्ने प्रयास गरिरहेको थियो जहाँ यसले आफ्नो विकासका लागि मुक्तिका मौलिक परम्पराहरुको पदार्पण गर्न सकोस् । अब नेपाली नारीवादी साहित्यको कुरा गर्दा नेपाली महिला लेखिकाहरुले नारीवादको व्यापकतालाई बुझ्न नसकेको आरोप पनि असत्य हो जस्तो मलार्य लागेको छैन । हामी यतिखेर भारतका लेखिकाहरु कमलादेवी चट्टोपाध्याय, अरुणा आसक, सरोजनी नायडुले आफ्नै मौलिक किसिमको नारीवादी साहित्यको प्रयोग शुरु गरिसकेको कुरालाई उदाहरणको रुपमा लिन सक्छौं । नारीवादी साहित्यको अर्थ नै महिलाहरुका भावनात्मक एवं व्यक्तिगत सन्दर्भहरुलाई गैरपितृसत्तात्मक स्थानको सृजना गरी साहित्यका मौलिक परम्पराहरुको स्थापना गर्नु हो भन्ने मेरो धारणा छ ।

प्रश्न ५ : के नेपालमा महिला साहित्यकारहरुको उचित मूल्यांकन भएको देख्नुहुन्छ ?

कमला : संख्यात्मक दृष्टिले साहित्यिक क्षेत्रमा पुरुषका तुलनामा नारी थारै भए पनि नेपाली साहित्यको विकासमा नारीहरुको गुणात्मक योगदान पुरुष साहित्यकारहरुको भन्दा कम छैन । नेपालमा बौद्धिक रुपमा खारिएका नारी साहित्यकारहरुलाई औंलामा गन्न भ्याइने अवस्था छ । अहिलेसम्म एकजना पनि नारी साहित्यकारलाई साझा पुरस्कार प्राप्त छैन । हुन त नेपालमा स्थापनाकर्ताको नाम अगाडि आओस् वा आफू एकदमै चर्चित बनियोस् भन्ने निहित उद्देश्यले पनि पुरस्कार स्थापना भएको देखिन्छ जसले गर्दा ती पुरस्कारहरुको निस्पक्षतामा शंका गर्नुपर्ने देखिन्छ । तर एउटा महत्वपूर्ण कुरा के हो भने पुरस्कारहरु लेखाइ परिष्कृत, सिर्जनात्मक अनुभूति र शैलीको मूल्यांकनका आधारमा दिइनुपर्छ । नारी भएकै नाताले मात्रै पुरस्कार दिने भन्ने कुरामा म सहमत छैन तर नारी साहित्यकारहरुको मूल्यांकन र तिनलाई प्रोत्साहन दिने कार्यहरु वेला वेलामा हुनु पनि त्यत्ति नै जरुरी छ ।

प्रश्न ६ : सिमोन दवुआको ,,द सेकेण्ड सेक्स,, नारीवादी साहित्यमा सबैभन्दा बढी

चर्चामा आएको पुस्तक मानिन्छ । यसलाई कसरी परिभाषित गर्नुभएको छ ?

कमला : आदर्शोन्मुख लेखनमा यथार्थवादी प्रवृत्तिलाई प्रयोगवादी धारामा लेख्ने नारीवादी लेखिका सिमोन दवुआको ,,द सेकेण्ड सेक्स,, अहिलेसम्म नारीवादी साहित्यमा लेखिएको सबैभन्दा माथिल्लो दर्जाको पुस्तक मानिन्छ भन्ने कुरामा दुई मत छैन । उनको पुस्तकको मूल ध्येय नै नारीवादी साहित्यले नारी जीवनको एउटा प्रारुप तयार गर्न सक्छ र त्यो जीवनसंग, प्रेमसंग र यौनसंग सम्बन्धित एक निश्चित सामाजिक अवधारणा हो भन्ने कुरामा सहमति प्रकट गर्न सकिन्छ भन्ने हो । हुन त लेखिका हेलिन सिक्सनको नारीवादी साहित्यमाथिको लेखन होस् या कैयौं पुरुष लेखकहरुलाई पनि जित्न सक्ने सिमोन दवुआको लेखाइ या टोनी मारिसनको लेखाइमा पुग्दा हामीले सन्तुष्टि भने लिन सक्छौं । ,,द सेकेण्ड सेक्स,, का कुराहरुप्रति नेपाली नारीवादीहरुले पनि सहमति प्रकट गरेको देखिन्छ । ,,द सेकेण्ड सेक्स,, ले भन्न खोजेकै जस्तो परम्परागत ढंगबाट मात्र महिलाहरुको मूल्यांकन गर्नु हुँदैन भन्ने कुरा नै साहित्यिक फाँटमा महत्वपूर्ण मान्नुपर्छ ।

प्रश्न ७ : साहित्य केका लागि लेखिनुपर्छ ?

कमला : साहित्य जीवनका लागि लेखिनुपर्छ । मानवता, प्रेम, सौहार्दता र शान्तिका लागि लेखिनुपर्छ ।

प्रश्न ८ : आफ्नो पहिलो कथासंग्रह ,,सम्झौताको मोड,, पछि कुनै अर्को कथासंग्रह पनि निकाल्ने तयारीमा हुनुहुन्छ कि ?

कमला : अब छिटै नै दोस्रो कथासंग्रह निकाल्ने तयारीमा छु ॥ कथालेखन भनेको पनि आफूलाई अभिव्यक्त गर्नु हो । मानिसहरुले विभिन्न माध्यमबाट आफूलाई अभिव्यक्त गर्छन् । मेरो विचारमा साहित्य नै त्यस्तो माध्यम हो जहाँ आफूलाई पूर्णतः अभिव्यक्त गर्न सकिन्छ ।

प्रश्न ९ : नेपाली साहित्यलाई विश्वसाहित्यमा पुर्‍याउनका लागि के गर्नुपर्छ जस्तो लागेको छ ?

कमला : बीसौं शताव्दिमा विश्वसाहित्य उत्तरआधुनिकतावादी शैलीमा परिवर्तन भएको छ । रोला वार्धा, फान्स देरिदा, स्टान्ले फिसका लेखनहरुलाई हेर्नुभयो भने साहित्यमा पाइने अस्तित्ववाद, फ्रायडवाद या नारीवादको कुरा

गर्दा देखापर्ने प्रयोगवादी लेखनमा पूर्वीय साहित्यमा पश्चिमेली प्रभावप्रति असहमति प्रकट गरेको पाइन्छ । हामीले एडवार्ड सईदले भनेकै कुरालाई यहाँ गम्भीरताका साथ सोच्नुपर्ने देखिन्छ । तर एउटा खुशीको कुरा के छ भने नेपाली साहित्यले पनि आंशिक रुपमा उत्तरआधुनिकतावादी प्रवृत्तिलाई स्वीकार्दै गएको पाइन्छ । रोला वार्थाको लेखनजस्तै नेपाली साहित्य विश्वसाहित्यको तुलनामा आउनका लागि उत्तरआधुनिकतावादी लेखन प्रवृत्तिलाई नै अगाडि बढाउनुपर्छ जस्तो मलाई लागेको छ । जसरी विश्वसाहित्यमा देखिने विसंरचनावाद या उत्तरसंरचनावादजस्ता कुराहरुमा मानव केन्द्रित भाषाबाट अस्तित्ववादमा पुग्नुपर्छ भन्ने कुरामा म पूर्णतः सहमत छु । हामीले जाँ फ्रान्सो ल्योतर्डको दर्शनलाई पढ्यौं भने पनि यो कुरा प्रष्ट हुन्छ । गहन अध्ययन र कडा परिश्रामबिना साहित्यकार एक सफल साहित्यकार हुन नसक्ने कुरा हामी सबैले बुझेकै कुरा हो । तसर्थ मनमा आएका कुराहरुलाई जस्ताका तस्तै लेख्नु संख्या थप्नु मात्रै हुन्छ भन्ने कुरालाई हामीले बिर्सन हुँदैन । नयाँ प्रयोगवादी शैली, प्रवृत्ति, उत्तरआधुनिकतावादी लेखन, विश्वसाहित्य, दर्शन, इतिहासको अध्ययनले लेखकको कलम बलियो हुन्छ भने नेपालका प्रतिभाहाली साहित्यकारहरुका रचनाहरुलाई अंग्रेजी भाषामा अनुवाद गर्नु पनि विश्वसाहित्यमा पुग्ने माध्यम मान्नुपर्छ । त्यसको लागि नेपालका साहित्यिक संघ संस्थाहरुको भूमिका महत्वपूर्ण हुन्छ ।

प्रश्न १० : नेपाली नारी लेखिकाहरु कुन कुन साहित्यिक प्रवृत्तिबाट प्रभावित भएर लेखिरहेका हुन् त ?

कमला : नेपालका नारी लेखिकाहरुको लेखनको मूल प्रवृत्ति नै यथार्थवाद र सामाजिक वस्तुस्थितिमा यथास्थितिवाद हो भन्ने मलाई लागेको छ । हुन त केही नेपाली महिला साहित्यकारहरुले प्रयोगवादी शैलीमा प्रायढवादी चिन्तनलाई लिएर लेख्ने गरेको पनि देखिन्छ । मूलभूत कुरा सामाजिक विसंगति, पारिवारिक समस्या, मानवीय सम्बन्ध र जीवनलाई हेर्ने आफ्नो दृष्टिकोणको पत्रमा महिलाहरुले आफ्नो कलमलाई अगाडि बडाएका छन् । वस्तुतः यथार्थवाद र सामाजिक स्वच्छन्दतावाद नै नेपाली महिला लेखिकाहरुको लेखन प्रवृत्ति हो भन्दा फरक नपर्ला ।

प्रश्न ११ : नेपाली साहित्यको विकास केलाई भन्ने ?

कमला : सर्वप्रथम त साहित्यको विकास भनेकै सञ्चारको निर्णायक तह र अभिव्यक्ति स्वतन्त्रता प्रयोगको तहमा लेखकहरुको पहुँच कति छ भन्ने कुरा हो भन्ने मलाई लागेको छ । उद्देश्यपूर्ण लेखन सहजानुभूति सन्दर्भ प्रवृत्ति र बौद्धिक अग्रसरताको उच्चतम केन्द्रविन्दुमा पुगेर साहित्यकारहरुले कलमप्रति ईमान्दारिता

देखाउनुपर्ने पहिलो खुडकिलो हो भने अर्कोतर्फ नेपाली साहित्यमा प्रत्यक्ष, परोक्ष ज्ञान र अल्पज्ञमन रुपमा कतिपय चुनौतीहरु भएका कारण त्यसको निराकरणका लागि पनि अग्रसर हुनुपर्ने आवश्यकता त्यत्ति नै देखिन्छ । तर हामीले के बुझ्नुपर्छ भने नेपाली साहित्यमा कतिपय अवस्थामा देखापर्ने बौद्धिक चिन्तन, वैचारिक नवीनता, मानवीय आस्था र राष्ट्रियताअनुरुप ढाल्दै लगेर लेख्नु नै साहित्यको विकास हो ।